# जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन सम्बन्धी निर्देशिका, २०७८

विश्व व्यापार सङ्गठन र विश्व पशु स्वास्थ्य सङ्गठनले तोकेका विधि तथा प्रक्रिया लगायतका प्रावधानहरूको पालना गर्दै मुलुक भित्रका तोकिएका क्षेत्र वा स्थानका पशुमा रोग विशेषको रोकथाम तथा नियन्त्रण वा निवारण वा उन्मूलन गरी स्वस्थ पशु, स्वच्छ पशुजन्य पदार्थको उत्पादन र गुणस्तरीय पशु उत्पादन सामाग्रीको प्रमाणीकरण सहित निर्यात सुनिश्चित गर्न पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम २२क बमोजिम नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन सम्बन्धी निर्देशिका, २०७८" रहेको छ।

(२) यो निर्देशिका स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा;-

(क) "ऐन" भन्नाले पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ सम्झनु पर्छ।

(ख) "कम्पार्टमेन्ट" भन्नाले कम्पार्टमेन्टलाइजेसन्को प्रक्रिया अपनाई निर्धारण गरिएको पशुको फार्म वा वथान वा जलाशय सम्झनु पर्छ।

(ग) "कम्पार्टमेन्टलाइजेसन" भन्नाले अन्तर्राष्ट्रिय व्यापार प्रयोजनका लागि पशुपालनका असल अभ्यास तथा जैविक सुरक्षाका विधि अवलम्बन गराइ मुलुक भित्रका कुनै स्थानमा पहिचान गरिएको पशुको फार्म वा वथान वा जलाशयमा रोग विशेषको स्वास्थ्य स्थिति निश्चित गर्ने प्रक्रिया सम्झनु पर्छ।

(घ) "जोन" भन्नाले जोनिङ्गको प्रक्रिया अपनाई मन्त्रालयले तोकेको चार किल्ला भित्रको क्षेत्रलाई सम्झनु पर्छ।

(ङ) "जोनिङ्ग" भन्नाले अन्तर्राष्ट्रिय व्यापार प्रयोजनका लागि मुलुकभित्र प्राकृतिक वा राजनीतिक वा कानूनी आधारमा रेखाङ्कित गरिएको कुनै भौगोलिक क्षेत्रका पशुमा रोग विशेषको स्वास्थ्य स्थिति निश्चित गर्ने प्रक्रिया सम्झनु पर्छ ।

(च) "दर्तावाल पशु चिकित्सक" भन्नाले नेपाल पशु चिकित्सा परिषद्मा नाम दर्ता भएका पशु चिकित्सक सम्झनु पर्छ।

(छ) "पशु" भन्नाले ऐनको दफा २ को खण्ड (क) मा उल्लेख भए बमोजिम पशु, पन्छी र माछा समेतलाई सम्झनु पर्छ।

(ज) "पशु उत्पादन सामाग्री" भन्नाले ऐनको दफा २ को खण्ड (ग) मा उल्लेख भए बमोजिमका सामग्री सम्झनु पर्छ।

(झ) "पशुजन्य पदार्थ" भन्नाले ऐनको दफा २ को खण्ड (ख) मा उल्लेख भए बमोजिमका वस्तु सम्झनु पर्छ।

(ञ) "पशुपालनका असल अभ्यास" भन्नाले पशु स्वास्थ्य, पशु प्रजनन्, पशु आहारा, पशु कल्याणका मार्गदर्शक सिद्धान्तहरूको अवलम्बन गरी स्वस्थ पशु र स्वच्छ पशुजन्य पदार्थ उत्पादन गर्ने, गराउने अभ्यास सम्झनु पर्छ।

(ट) "प्रयोगशाला" भन्नाले पशु रोग निदान, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीको नियमनका लागि विभागले तोकेका प्रयोगशाला सम्झनु पर्छ।

(ठ) "मन्त्रालय" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(ड) "रिफरेन्स प्रयोगशाला" भन्नाले विश्व पशु स्वास्थ्य सङ्गठनले रोगको यकिन निदानको लागि तोकेको रोग विशेष सम्बन्धी प्रयोगशाला सम्झनु पर्छ।

(ढ) "रोग विशेषको स्वास्थ्य स्थिति" भन्नाले मुलक वा जोन वा कम्पार्टमेन्टमा तोकिएका पशुमा विभागले तोकेका एक वा सोभन्दा बढी रोग विशेषबाट मुक्त वा संरक्षित वा सङ्क्रमित भएको वा क्वारेन्टाइनमा रहेको अवस्था सम्झनु पर्छ।

(ण) "रोगमुक्त क्षेत्र" भन्नाले तोकिएका पशुमा तोकिएका एक वा सोभन्दा बढी रोग विशेषबाट मुक्त भएको जोन वा कम्पार्टमेन्टलाई सम्झनु पर्छ।

(त) "विभाग" भन्नाले पशु सेवा विभाग सम्झनु पर्छ।

(थ) "संङ्क्रमित क्षेत्र" भन्नाले पशुमा एक वा सोभन्दा बढी रोग विशेष भित्रिएको वा सो रोगको सङ्क्रमण फैलिएको जोन वा कम्पार्टमेन्टलाई सम्झनु पर्छ।

(द) "संरक्षित क्षेत्र" भन्नाले रोग मुक्त क्षेत्रमा सीमा जोडिएका क्षेत्रहरुबाट रोग विशेष भित्रिन नदिन रोकथामका उपायहरु अपनाइएको जोन वा कम्पार्टमेन्टलाई सम्झनु पर्छ।

## परिच्छेद—२
## जोन र कम्पार्टमेन्ट तोक्ने व्यवस्था

३. जोन र कम्पार्टमेन्टको सीमा निर्धारण: (१) मुलुक भित्र कुनै रोग विशेषका लागि जोन वा कम्पार्टमेन्ट निर्धारण गर्न आवश्यक भएमा सम्बन्धित स्थानीय तह वा प्रदेश सरकार मातहतका पशु सेवाका निकाय मार्फत विभागमा सिफारिस साथ अनुरोध गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जोन वा कम्पार्टमेन्ट निर्धारण गर्नका लागि अनुरोध भएमा अन्तराष्ट्रियस्तरमा हुनसक्ने व्यापारको सम्भाव्यता समेतका आधारमा विभागले स्थलगत प्राविधिक अध्ययन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम अध्ययन गर्दा प्रदेश सरकारको सम्बन्धित निकाय र सम्बन्धित स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्नु पर्नेछ।

(४) उपदफा (३) अनुसार अध्ययन गर्दा इपिडेमियोलोजी, रोगको कारक तत्व तथा वाहक तत्व, रोग भित्रन सक्ने वा नसक्ने जोखिम मूल्याङ्कन, तत्काल रोग निदान गर्ने क्षमता, पशुको ओसारपसार नियन्त्रण गर्ने क्षमता, जैविक सुरक्षाको अवस्था, पशुपालनका असल अभ्यासका विधिको अवलम्बन, रोग मुक्त घोषणा हुने क्षेत्र र सोसँग सीमा जोडिएको क्षेत्रका जङ्गली लगायतका घरपालुवा पशुमा रोगको सर्भिलेन्स सम्बन्धी प्राविधिक निर्देशिका र सो को कार्यान्वयन क्षमता समेतलाई आधार लिन सकिनेछ।

(५) उपदफा (४) बमोजिम अध्ययन गर्दा अन्तराष्ट्रियस्तरमा हुनसक्ने व्यापारको सम्भाव्यता समेतका आधारमा जोन वा कम्पार्टमेन्ट निर्धारण गर्न उपयुक्त हुने देखिएमा विभागले सिफारिस साथ आवश्यक निर्णयको लागि मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) उपदफा (५) बमोजिम उचित सिफारिस भई आएमा मन्त्रालयले जोन वा कम्पार्टमेन्टको सीमा निर्धारण गरी सो को सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नेछ।

(७) उपदफा (६) बमोजिम निर्धारण गरिएको जोनको सीमाबाट कम्तीमा तीन किलोमिटर वरिपरि सम्मको क्षेत्रमा विभागले रोग विशेषका लागि सघन निगरानी गर्न सर्भिलेन्स क्षेत्र तोक्न सक्नेछ।

(८) उपदफा (७) बमोजिम निर्धारण गरिएको जोन वा कम्पार्टमेन्टको क्षेत्र विस्तार गर्न आवश्यक भएमा विभागले आवश्यक अध्ययन तथा परीक्षण गर्न विषय विज्ञ सहितका प्रविधिक समितिहरु गठन गरी परिचालन गर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम निर्धारण गरिएको जोनमा रोग विशेषको स्वास्थ्य स्थिति कायम राख्न सो क्षेत्रका पशुपालक, पशुजन्य पदार्थ उत्पादक, पशु स्वास्थ्यकर्मी लगायतका सरोकारवालालाई पशुपालनका असल अभ्यासको पालना गराउन विभागले प्रदेश सरकारको सम्बन्धित निकाय र सम्बन्धित स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा आवश्यक कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद—३

## जोखिम विश्लेषण, ओसारपसार नियन्त्रण र सर्भिलेन्स सम्बन्धी व्यवस्था

४. जोखिम विश्लेषणः (१) जोन वा कम्पार्टमेन्टमा र सो को सीमा वरिपरि वा मुलुक भित्र वा सीमा जोडिएका मुलुकमा रोग सम्बन्धी कुनै घटना घटेमा वा रोग भित्रन सक्ने सम्भावना भएमा सो को आवश्यकता अनुसार जोखिम विश्लेषण गरी अभिलेख राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम जोखिम विश्लेषण सम्बन्धी कार्य गर्न विभागले काम, कर्तव्य र अधिकार तोकी विषयगत समिति गठन गरी परिचालन गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम गरिएको जोखिम विश्लेषणको पद्धति, नतिजाको ढाँचा लगायतका विवरणहरू विश्व पशु स्वास्थ्य सङ्गठन र विश्व व्यापार सङ्गठनले निर्धारण गरेको मापदण्ड अनुरुप हुनुपर्ने र माग गरेको अवस्थामा सम्बन्धित अन्तर्राष्ट्रिय सङ्घसंस्था वा सरोकारवालालाई विभागले उपलब्ध गराउनु पर्नेछ।

५. पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामग्रीहरूको ओसारपसार नियन्त्रणः (१) दफा ३ को उपदफा (६) बमोजिम तोकिएको जोन वा कम्पार्टमेन्टको रणनीतिक सीमा क्षेत्रमा आवश्यकता अनुसार ऐन बमोजिम क्वारेन्टाइन चेकपोस्ट स्थापना गर्न सकिनेछ।

(२) जोन वा कम्पार्टमेन्ट क्षेत्रमा पशु, पशुजन्य पदार्थ तथा उत्पादन सामाग्री ओसारपसार गर्दा उपदफा (१) बमोजिम स्थापना भएको क्वारेन्टाइन चेकपोस्टको बाटो भई क्वारेन्टाइन सम्बन्धी प्रक्रिया पूरा गर्नु पर्नेछ।

(३) रोग विशेष मुक्त जोन भित्र अनाधिकृत रूपमा रोग सार्न सक्ने पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्री लगायतका वस्तुको ओसारपसार गर्न पाइने छैन।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दर्तावाल पशु चिकित्सकबाट स्वास्थ्य वा स्यानिटरी प्रमाणपत्र लिई पशु, पशुजन्य पदार्थ तथा पशु उत्पादन सामाग्रीहरूको ओसारपसार गर्न बाधा पर्ने छैन।

६. **सर्भिलेन्स सम्बन्धी व्यवस्थाः** (१) जोन वा कम्पार्टमेन्टमा र सो को वरिपरि वा मुलुक भित्र रोगको प्रकृति अनुसार विभागले स्वीकृत गरेको सर्भिलेन्स सम्बन्धी प्राविधिक निर्देशिका बमोजिम सर्भिलेन्स सम्बन्धी कार्य गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सर्भिलेन्स कार्य सङ्घ र प्रदेश सरकारको सम्बन्धित निकाय र सम्बन्धित स्थानीय तहबीच समन्वय तथा सहकार्यमा सञ्चालन गरिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि फिल्डस्तरमा हुने सर्भिलेन्सको प्रमुख जिम्मेवारी सम्बन्धित स्थानीय तहको हुनेछ।

(४) उपदफा (३) बमोजिमको कार्य गर्न कुनै स्थानीय तहलाई कठिनाइ भएमा विभागको प्राविधिक सुझाव बमोजिम प्रदेशको सम्बन्धित निकायले सर्भिलेन्स सम्बन्धी कार्य सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेद—४

## रोग नियन्त्रण सम्बन्धी व्यवस्था

७. **पशु पहिचानः** (१) दफा ३ को उपदफा (६) बमोजिमको जोन वा कम्पार्टमेन्टमा स्थानीय तहले तोकिएका पशु-पहिचानको अभिलेख राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित जोन वा कम्पार्टमेन्टमा पशु-पहिचानको अभिलेख राख्दा विभागले निर्धारण गरेको एकल वा समूहगत पशु-पहिचान विधिको पालना गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पशु-पहिचान चिन्ह वा सङ्केत प्रयोग गर्नु, गराउनु प्रदेश सरकारको सम्बन्धित निकाय र स्थानीय तहको जिम्मेवारी हुनेछ।

८. **खोप कार्य सञ्चालनः** (१) दफा ३ को उपदफा (६) बमोजिम तोकिएको जोन वा कम्पार्टमेन्टमा तोकिएका पशुहरूमा विभागले निर्धारण गरे बमोजिम रोग विशेष विरुद्धका खोप निश्चित समयावधिमा लगाउनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि खोप उपलब्ध नभएका रोग विशेषका हकमा रोग मुक्त अवस्था यकिन गर्न विभागले छुट्टै सर्भिलेन्स प्रणाली लागु गर्नेछ।

(३) दफा ३ को उपदफा (६) बमोजिमको जोनमा रोगको प्रकृति वा रोग फैलने सम्भावनाका आधारमा खोप नलगाइ रोग मुक्त क्षेत्र कायम राख्न सकिने प्राविधिक प्रतिवेदन प्राप्त भएमा विभागले सोका लागि अनुमति दिन सक्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिमको कार्य गर्नु, गराउनु प्रदेश सरकारको सम्बन्धित निकाय र स्थानीय तह समेतको जिम्मेवारी हुनेछ।

(५) खोप कार्य वा रोग मुक्त अवस्थाको अनुगमन सर्भिलेन्स सम्बन्धी प्राविधिक निर्देशिका बमोजिम हुनेछ।

९. **जोन वा कम्पार्टमेन्टमा रोग देखापरेमाः** (१) दफा ३ को उपदफा (६) बमोजिम तोकिएको जोन वा कम्पार्टमेन्टमा रोग फैलिएको भनि कुनै पनि स्रोतबाट जानकारी प्राप्त भएमा वा रोग फैलिएको शङ्का लागेमा वा रोग विशेषको पुष्टि भएमा विभागको प्राविधिक सुझाव अनुसार प्रदेश सरकार मातहतका सम्बन्धित निकाय र सम्बन्धित स्थानीय तह बीचको समन्वय तथा सहकार्यमा रोगको अन्वेषण लगायत नियन्त्रण सम्बन्धी कार्य गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य सञ्चालन गर्दा विभागले विभागले सिफारिस गरेको रोग नियन्त्रण विधिको पालना गर्नुपर्नेछ ।

(३) दफा ३ को उपदफा (६) बमोजिमको कम्पार्टमेन्टमा रोग विशेष देखा परेको पुष्टि भएमा सो फार्म वा वथान वा जलाशयको लागि प्रदान गरिएको कम्पार्टमेन्टको प्रमाणपत्रलाई रोक्का राखिनेछ।

(४) रोग देखा परेको जोन वा कम्पार्टमेन्टमा उपदफा (१) बमोजिम रोग नियन्त्रण पश्चात स्वीकृत सर्भिलेन्स सम्बन्धी प्राविधिक निर्देशिका बमोजिमका कार्य गरी पुनः रोग मुक्त भएको सार्वजनिक सूचना मार्फत जानकारी गर्नु पर्नेछ।

१०. <u>नमूना सङ्कलन तथा परीक्षणः</u> (१) दफा ३ को उपदफा (६) बमोजिमको जोन वा कम्पार्टमेन्टमा स्वीकृत सर्भिलेन्स सम्बन्धी प्राविधिक निर्देशिका अनुसार निर्धारित अवधिमा रोग विशेषलाई लक्षित गरी तोकिएको सङ्ख्यामा नमूना सङ्कलन गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्रदेश सरकार मातहतको निकाय वा स्थानीय तहको पशु सेवा शाखाले नमूना सङ्कलन गर्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै जोन वा कम्पार्टमेन्टमा रोगको शङ्का लागेमा वा पुष्टि भएमा प्रदेश सरकार मातहतको सम्वन्धित निकाय र सम्बन्धित स्थानीय तहको समन्वय तथा सहकार्यमा तत्काल नमूना सङ्कलन गरी प्रेषण गर्नु पर्नेछ।

(४) उपदफा (१) र (३) बमोजिम सङ्कलन गरिएको नमूना विभागले तोकेको प्रयोगशालामा परीक्षण गराउनु पर्नेछ।

(५) नमूना सङ्कलन, परीक्षण र प्रेषणका क्रममा गर्नुपर्ने नमूनाको संरक्षण, नमूनासँग संलग्न हुनुपर्ने विवरण, नमूना परीक्षण, नतिजा सम्प्रेषण, जैविक सुरक्षा लगायत निःसङ्क्रमणका विधि विभागले सिफारिस गरे बमोजिम हुनेछ।

(६) उपदफा (४) बमोजिम परीक्षण गरिएका नमूनाहरू मध्येबाट प्रयोगशालाले रोग विशेष लक्षित गरी वर्षको कम्तीमा एक पटक नतिजाको गुणस्तर सुनिश्चितताका लागि विभिन्न नमूना रिफरेन्स प्रयोगशालामा पठाउनु पर्नेछ।

११. <u>रिपोर्टिङ्ग सम्बन्धी व्यवस्थाः</u> (१) दफा ३ को उपदफा (१) बमोजिम तोकिएको जोन वा कम्पार्टमेन्टमा गरिएको रोग सर्भिलेन्स, नयाँ पशु भित्रिने वा पशु बाहिरिने कार्य, खोप कार्य सञ्चालन लगायत सो क्षेत्रमा गरिएका कार्यहरूको नियमित अभिलेख सम्बन्धित फार्म वा धनीले राख्नु पर्नेछ।

(२) दफा ३ को उपदफा (६) बमोजिमको कम्पार्टमेन्टका धनीले उपदफा (१) बमोजिम राखिएका अभिलेख विभागले माग गरेको अवस्थामा पेश गर्नु पर्नेछ।

## परिच्छेद–५
## <u>विविध</u>

१२. <u>अनुगमन सम्बन्धी व्यवस्थाः</u> (१) दफा ३ को उपदफा (६) बमोजिम तोकिएको जोन वा कम्पार्टमेन्टमा सञ्चालन गरिने क्रियाकलापहरुको विभागले प्रदेश सरकार मातहतको निकाय र सम्बन्धित स्थानीय तहको समन्वयमा अनुगमन गर्नेछ।

(२) सम्बन्धित स्थानीय तह वा प्रदेश सरकार मातहतका निकायले उपदफा (१) बमोजिम अनुगमन गर्दा विभागको प्राविधिक पृष्ठपोषण अनुसार गर्न सक्नेछन्।

(३) उपदफा (२) बमोजिम गरिएको अनुगमनको प्रतिवेदन प्रकाशन गरी सार्वजनिक गर्नु पर्नेछ।

१३. <u>पशुपालनका असल अभ्यासको पालना:</u> जोन वा कम्पार्टमेन्टमा अनुसूची-१ बमोजिम तोकिएका पशुपालनका असल अभ्यासको पालना गर्नु पर्नेछ।

१४. <u>कम्पार्टमेन्टमा हुनुपर्ने न्यूनतम व्यवस्था:</u> कम्पार्टमेन्टमा गरिने क्रियाकलाप सम्बन्धी व्यवस्थापन अनुसूची-२ मा तोकिए बमोजिम हुनु पर्नेछ।

१५. <u>निर्देशिकाको पालना:</u> (१) यो निर्देशिकाको पालना सङ्घ, प्रदेश सरकार मातहतका निकाय, स्थानीय तह र सम्बन्धित सबै सरोकारवालाबाट पालना गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विभिन्न निकाय र सरोकारवालाको जिम्मेवारी तथा भूमिका अनुसूची-३ मा तोकिए बमोजिम हुनेछ।

अनुसूची-१

(दफा १३ सँग सम्बन्धित)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, का. नगरी

## पशुपालनका असल अभ्यासको पालना

जोन वा कम्पार्टमेन्टमा पशुपालन गर्दा देहायका असल अभ्यासको पालना गर्नुपर्नेछः-

- सिफारिस गरिएका खोपहरू लगाउनु पर्नेछ।
- परीक्षणको नतिजाको आधारमा आन्तरिक तथा वाह्य परजीवी नियन्त्रण गर्नुपर्नेछ।
- पशु धनीको नाम, पशुको किसिम, जाति/नस्ल, लिङ्ग, उमेर, पशु-पहिचान चिन्ह वा सङ्केत आदिको अभिलेख राख्नुपर्नेछ।
- पशु स्वास्थ्यकर्मीले प्रदान गरेको उपचार सेवाको विवरण, सम्भावित रोग निदान र पूर्जी समेतको अभिलेख राख्नुपर्नेछ।
- पशुलाई खुवाउने दाना वा आहारा पोषणयुक्त र दूषणमुक्त हुनु पर्नेछ।
- पशुको आहारा संरक्षित तथा सुरक्षित तवरले भण्डारण गर्नु पर्नेछ।
- दाना वा दानाको कच्चा पदार्थको उत्पत्ति स्थलको पहिचान हुने गरी प्रयोगस्थल सम्मको अभिलेख अध्यावधिक राख्नु पर्नेछ।
- कुनै औषधि प्रयोग गरिसके पश्चात सो को अवशेष निष्प्रभावी हुने समय (विथड्रल पिरियड) को पालना गर्नु पर्नेछ।
- खोर/गोठ/जलाशयको निःसङ्क्रमण पशु चिकित्सकको सिफारिस अनुसार गर्नु पर्नेछ।
- सफा तथा स्वच्छ पानीको उपलब्धता सुनिश्चित गर्नु पर्नेछ।
- ढुवानीका साधन, उपकरण वा औजारहरू प्रयोग गर्नु पूर्व र प्रयोग पश्चात निःसङ्क्रमण गरेर मात्र पुनः प्रयोग गर्नु पर्नेछ।
- गोठ/खोर/जलाशयका दाना पानीका भाँडाकुँडा सफा गर्न मिल्ने हुनुपर्ने र ती सामग्रीको नियमित सरसफाइ गर्नु पर्नेछ।
- पशु राखिने ठाउँमा झिंगा, किर्ना, जुम्रा, उपियाँ जस्ता किरा र मुसा, सामुदायिक कुकुर, विरालो, चराचुरुङ्गी, जङ्गली जनावर लगायतको प्रवेश नियन्त्रण गर्नु पर्नेछ।
- खरिद गरिएका नयाँ पशुपन्छीलाई कम्तीमा २१ दिन सम्म बथानबाट अलग्गै राखी कुनै रोग देखा नपरेमा मात्र मूल बथानमा मिसाउनु पर्नेछ।
- आगन्तुकहरूको अभिलेख राख्नु पर्नेछ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-२

(दफा १४ सँग सम्बन्धित)

## कम्पार्टमेन्टमा हुनुपर्ने न्यूनतम व्यवस्था

कम्पार्टमेन्टमा हुनुपर्ने न्यूनतम व्यवस्था र सो सम्बन्धी व्यवस्थापन देहाय बमोजिम हुनुपर्नेछ,-

- जैविक सुरक्षा योजना (Biosecurity Plan) अनुसार अवलम्वन गरिएको विधिको विवरण,
- पशुको उत्पादन विवरण राख्ने व्यवस्था,
- पशु आहारा र दानाको स्रोतको पूर्ण विवरण राख्ने व्यवस्था,
- जोखिम विश्लेषणमा आधारित रोग सर्भिलेन्स विवरण र सो को नतिजाको अध्यावधिक राख्ने व्यवस्था,
- पशुको जन्म, मृत्यु, खरिदविक्री र स्टकको अध्यावधिक विवरण,
- फार्ममा भित्रने आगन्तुकका लागि अभिलेख पुस्तिकाको व्यवस्था,
- रोगको निदान तथा उपचार सम्बन्धि अध्यावधिक विवरण,
- पशुमा लगाइएको खोपको विवरण राख्ने व्यवस्था,
- फार्ममा कार्यरत कामदारको स्वास्थ्य परीक्षणको विवरण र निजहरूले लिएका तालिमको विवरण राख्ने व्यवस्था,
- पशु-पहिचान र ट्रेसेविलिटि (Traceability) सम्बन्धी व्यवस्था,
- पशुको ओसारपसार नियन्त्रण सम्वन्धी विवरण।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-३

(दफा १५ को उपदफा (२) सँग सम्बन्धित)

जिम्मेवारी तथा भूमिका

१. कृषि तथा पशुपन्छी विकास मन्त्रालयको जिम्मेवारीः-

- निर्देशिका कार्यान्वयनका लागि अन्तर मन्त्रालय तथा प्रदेशस्तरमा समन्वय गर्ने,
- नीति तथा सो सम्बन्धी कानूनको व्यवस्थाको लागि पहल गर्ने,
- स्रोत, साधन र संरचनाको व्यवस्था तथा परिचालन गर्ने।

२. पशु सेवा विभागको जिम्मेवारीः-

- जैविक सुरक्षा र जोखिम विश्लेषण सम्बन्धी कार्यमा सहजीकरण गर्ने,
- निर्देशिकामा तोकिए बमोजिम विषयगत प्राविधिक समिति तथा दस्तावेज तयार गर्ने,
- सर्भिलेन्स सम्बन्धी प्राविधिक निर्देशिका बमोजिम कार्य भए नभएको अनुगमन गर्ने,
- रोग मुक्त क्षेत्र निर्धारण गरेको जानकारी विश्व पशु स्वास्थ्य सङ्गठन र माग भएमा निर्यात गरिने मुलुकको नियमन निकायलाई उपलब्ध गराउने,
- जोनिङ्ग वा कम्पार्टमेन्टलाईजेसन सम्बन्धी गतिविधि बारे विश्व पशु स्वास्थ्य सङ्गठनलाई सूचित गर्ने,
- जनशक्ति, वित्तीय लगायतका आवश्यक स्रोत साधनका साथै भेटेरिनरी सेवाको प्राविधिक क्षमताको विश्लेषण गर्ने,
- रोग विशेष स्वास्थ्य स्थितिको विस्तृत विवरण अध्यावधिक राख्ने,
- सूचना तथा विवरणलाई आवश्यकता अनुसार राष्ट्रिय/अन्तर्राष्ट्रिय संस्थालाई प्रेषण गर्ने,
- जोनिङ्ग वा कम्पार्टमेन्टमा आवश्यक पूर्वाधारको व्यवस्था मिलाउन सहजीकरण गर्ने,
- जोनिङ्ग वा कम्पार्टमेन्टलाईजेसनका लागि आवश्यक विषयमा जानकारीमुलक पुस्तक, लिफलेट, पुस्तिका आदि प्रकाशन तथा वितरण गर्ने,
- पशुको पालनपोषण, गोठको व्यवस्थापन, पशुको नस्ल सुधार, आहारा व्यवस्थापन र रोग विशेष नियन्त्रणका लागि सम्बन्धित निकायसँग समन्वय गरी तालिमको व्यवस्था मिलाउने।

३. प्रदेश सरकार मातहतका निकायको जिम्मेवारीः-

- जोनिङ्ग वा कम्पार्टमेन्टलाईजेसन कार्यान्वयनका लागि संघ र स्थानीय तहसँग समन्वय तथा सहकार्य गर्ने,
- जोनिङ्ग र कम्पार्टमेन्टलाइजेसन सम्बन्धमा जनचेतना अभिवृद्धिका कृयाकलाप गर्ने,
- पशुपालनका असल अभ्यास लगायत जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन सम्बन्धमा कृषक तथा व्यवसायीहरूका लागि तालिम सञ्चालन गर्ने,
- कृषकलाई आधुनिक प्रविधि सम्बन्धमा जानकारीमुलक पुस्तक, लिफलेट, पुस्तिका आदि वितरण गर्ने,
- आवश्यकता अनुसार उत्पादनको उत्पत्तिको प्रमाणपत्र उपलब्ध गराउने,

- जोन वा कम्पार्टमेन्टमा रोग फैलिएको शङ्का भएमा वा रोग पुष्टि भएमा प्रचलित कानून बमोजिम ओसारपसारमा रोक लगाउने लगायत रोग नियन्त्रण विधिहरू अपनाउने,
- उपयुक्त नमूना सङ्कलन गरी सोको भण्डारण, प्रेषण तथा रिपोर्टिङ्ग गर्ने।

४. स्थानीय तहको जिम्मेवारीः-

- जोनिङ्ग तथा कम्पार्टमेन्टलाईजेसन कार्यान्वयनका लागि सङ्घ र प्रदेश सरकारका निकायसँग समन्वय तथा सहकार्य गर्ने,
- जोनिङ्ग तथा कम्पार्टमेन्टलाइजेसन सम्बन्धमा जनचेतना अभिवृद्धिका कृयाकलाप गर्ने,
- पशुपालनका असल अभ्यासका लागि अनुगमन तथा सहकार्य गर्ने,
- कृषकलाई आधुनिक प्रविधि सम्बन्धमा जानकारीमुलक पुस्तक, लिफलेट, पुस्तिका आदि वितरण गर्ने,
- जोन वा कम्पार्टमेन्टमा रोग फैलिएको शङ्का भएमा वा रोग पुष्टि भएमा रोग नियन्त्रण विधि अपनाउने,
- नमूना सङ्कलन गरी सो को भण्डारण, प्रेषण तथा रिपोर्टिङ्ग गर्ने,
- पशुमा पहिचान वा सङ्केत प्रयोग गरी सो को अभिलेख अध्यावधिक राख्ने र सो को विवरण विभागमा पठाउने।

५. कृषक, व्यबसायी र सम्बन्धित सरोकारवालाको भूमिकाः-

- जोनिङ्ग वा कम्पार्टमेन्टलाईजेसन गरिएको क्षेत्रमा पशुपालन गर्दा फार्ममा जैविक सुरक्षाका विधि अपनाउने,
- आफ्नो फार्ममा रहेका पशुमा पहिचान (Identification) चिन्ह वा सङ्केत प्रयोग गरी सो को अभिलेख राख्ने,
- पशुपालनका असल अभ्यासको पूर्ण पालना गरी सोसँग सम्बन्धित विवरणहरूको अभिलेख अध्यावधिक राख्ने,
- आफ्नो फार्मको उत्पादनको गुणस्तरको तथा विश्वसनीयता सम्बन्धी प्रवर्द्धनात्मक कृयाकलाप गर्ने,
- फार्ममा रहेका पशुमा रोग लागेको वा नजिकमा रोग फैलिएको शङ्का भएमा सो बारे सम्बन्धित निकायलाई सूचना दिने र रोग नियन्त्रण कार्यमा सहयोग गर्ने।

६. दर्तावाल पशु चिकित्सकको भूमिकाः-

- जोनिङ्ग वा कम्पार्टमेन्टमा विभागले सिफारिस गरेको विधि अनुसार पशुको स्वास्थ्य परीक्षण गर्ने,
- कृषक वा व्यवसायीको अनुरोधमा पशुको स्वास्थ्य परीक्षण गरी स्वस्थ ठहरिएका पशुका स्वास्थ्य प्रमाणपत्र जारी गर्ने,
- पशुमा कुनै औषधि प्रयोग भए नभएको निक्यौंल गरी औषधि प्रयोग भएको भए सो को अवशेष निष्प्रभावी हुने समय (विथड्रल पिरियड) पूरा भए नभएको यकिन गरेर मात्र स्वास्थ्य प्रमाणपत्र जारी गर्ने,
- रोगको सर्भिलेन्स कार्यमा सहयोग गर्ने।